# विद्यार्थी घरायसी इन्टरनेट कार्यक्रम

## संक्षेप

घरमा भर पर्दो इन्टरनेट नभएका विद्यार्थीहरूका लागि नि:शुल्क इन्टरनेटको सुविधा उपलब्ध छ। यो 'विद्यार्थी घरायसी इन्टरनेट कार्यक्रम' मार्फत हुनेछ। भर पर्दो इन्टरनेट सुविधाले विस्तारित शिक्षाको उद्देश्यका लागि घरबाटै अनलाइन अध्ययन गर्नको लागि साथ दिन्छ। यसले शिक्षकहरूलाई थप सिकाइका अनुभवहरू डिजाइन गर्नका लागि डिजिटल प्रविधिको प्रयोग गर्ने पनि अनुमति दिन्छ। योग्य विद्यार्थीका अभीभावकले यस पृष्ठमा दिइएका निर्देशनहरू पालन गरेर इन्टरनेट पहुँच अनुरोध गर्न सक्छन्।

## योग्यता

घरमा पर्याप्त इन्टरनेट पहुँच नभएका सबै दक्षिण अष्ट्रेलियाका (SA) सरकारी विद्यालयका विद्यार्थीहरूका लागि यो खुला छ। विद्यार्थीहरूले घरमै बसेर पढाइ र अध्ययनका लागि मात्र इन्टरनेटको प्रयोग गर्न सक्छन्।

## हामी के प्रदान गर्छौं

विभागले तपाईलाई निम्न वितरण गर्नेछ:

- एक डोंगल (सानो यु. एस. बि उपकरण) यदि तपाईलाई चाहिन्छ भने
- एक मोबाइल इन्टरनेट सिम कार्ड
- विद्यालय वर्षको अन्त्य सम्म घरायसी इन्टरनेटको सुविधा।

यस वर्षको अन्त्यमा इन्टरनेट सुविधा बन्द हुनेछ। यदि तपाईलाई पुनः सेवा चाहिन्छ भने तपाईले अर्को वर्षको लागि पुन: आवेदन दिन सक्नुहुन्छ। यदि तपाईको बच्चाले सिम कार्ड स्लट भएको ल्यापटप वा ट्याब्लेट प्रयोग गरिरहेको छ भने उनीहरूलाई डोङ्गलको आवश्यकता पर्दैन।

## घरको इन्टरनेट अनुरोध गर्ने

तपाई कुनै पनि समयमा यो सेवा अनुरोध गर्न सक्नुहुन्छ। प्रत्येक परिवारको लागि केवल १ अनुरोध फारम आवश्यक छ, किन कि इन्टरनेट सुविधाले धैरै विद्यार्थीहरूलाई सहयोग गर्न सक्छ।

घर इन्टरनेट सुविधा अनुरोध गर्नका लागि:

- अनुरोध फारम र प्रयोगकर्ता सम्झौता पूरा गर्नुहोस्।
- फारम इमेल, फ्याक्स वा व्यक्तिगत रूपमा आफ्नो विद्यालयमा बुझाउनुहोस्।

त्यसपछि तपाईको विद्यालयले विभागबाट इन्टरनेट सेवा अनुरोध गर्नेछ। हामी तपाईको सेवा सेटअप गर्नेछौं र विद्यालयमा आवश्यक उपकरणहरू पठाउनेछौँ। उपकरणहरू प्राप्त गर्नको लागि तयार भएपछी तपाईको विद्यालयले तपाईलाई जानकारी दिनेछ।

यदि तपाई विद्यालय वर्षको दौरान आवेदन गर्नुहुन्छ भने, तपाइँको इन्टरनेट सेवा सेटअप गर्न २ देखि ३ हप्ताको समय लाग्नेछ।

## सम्पर्क

यदि तपाईलाई थप सहयोग चाहिन्छ भने आफ्नो विद्यालयमा सम्पर्क गर्नुहोस्।